नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

**प्रेस–विज्ञप्ती**

**Source Direct at ASD, 2019, USA मा नेपालको सहभागिता सम्वन्धी अर्न्तक्रिया कार्यक्रम**

यही मार्च १७–२०, २०१९ मा अमेरिकाको लस भेगास शहरमा आयोजना हुने Source Direct at ASD, 2019, अमेरिकाको व्यापार मेलामा नेपालको सहभागिता सम्वन्धी अर्न्तक्रिया कार्यक्रम केन्द्र, नेपाल तयारी पोशाक उद्योग संघ, र संचार कर्मि सहितको उपस्थितिमा केन्द्रको सभाहलमा अर्न्तक्रिया सम्पन्न गरियो ।

उक्त अर्न्तक्रिया कार्यक्रममा केन्द्रका कार्यकारी निर्देशक श्री सरद विक्रम राणावाट नेपाल वाट निर्यात हुने तयारी पोशाकको अमेरिकी वजारमा निर्यात प्रवर्द्धन गर्न तथा नेपाल अमेरिकाको वीच व्यापार लगानीको क्षेत्रमा उक्त मेलावाट योगदान पुग्ने र व्यापार मेलावाट हुने लाभको विषयमा जानकारी गराउनु भयो । उहाले केन्द्रवाट यस्ता व्यापार मेलामा सहभागितावाट रोजगारीका अवसर सृजना हुने, वैदेशिक मुद्रा आर्जनमा सहयोग पुग्ने र देशको अर्थतन्त्रमा योगदान पुऱ्याई राष्ट्रिय आय वृद्धि गर्न समेत सफल हुने विचार व्यक्त गर्नु भयो । सोही अवसरमा कार्यकारी निर्देशकज्यूले नेपालको सहभागिताको लागि ६वटा स्टल निश्चित गरी तयारी पोशाक संग सम्वन्धित आधुनिक डिजाईन सहित उच्च गुणस्तरीय वस्तुको प्रदर्शनी र सो मेलाको अवसरमा हुने B2B तथा G2G Meeting मा अमेरिकाले दिन सक्ने यस वस्तुको विभिन्न किसमका भन्सार छुट को वारेमा सम्वन्धित पक्ष संग नेपालको तर्फवाट छलफलमा कुरा उठाउने समेत जानकारी दिनु भयो । साथै मेलामा भाग लिने संघका पदाधिकारी तथा उद्यमीहरुलाई यस व्यापार मेलामा नेपालको सहभागितालाई व्यापक रुपमा गर्न जोड दिदै कार्यक्रममा उपस्थित जनाउनु भएका पत्रकार एवं संचारकर्मीलाई धन्यवाद दिनु भएको थियो ।

सोही अवसरमा नेपाल तयारी पोशाक उद्योग संघका अध्यक्ष श्री चन्डी प्रसाद अर्यालवाट यस व्यापार मेलाको पूर्व तयारी एवं मेलावाट नेपाल तयारी पोशाकको अमेरिकी वजारमा हुने व्यापार विस्तारको वारेमा जानकारी गराउनु भएको थियो । सोही अवसरमा तयारी पोशाकको विगत एवं वर्तमानमा निर्यात अवस्थाको वारेमा समेत अध्यक्षवाट पत्रकारहरुले राखेका जिज्ञासाको जवाफ दिनु भएको थियो । यस व्यापार मेला आयोजनामा केन्द्रवाट गरिएको सहयोग एवं नेपालको निर्यात व्यापार विस्तारमा गरेका कार्यवाट संघले लाभ लिएको र भविष्यमा समेत केन्द्रले नेपालको निर्यात व्यापार प्रवर्द्धनमा निजी क्षेत्रसंग सहकार्य गरी वर्तमान अवस्थाको वढ्दो व्यापार घाटा कम गर्न, आन्तरिक उत्पादन वढाउन, गुणस्तरीय वस्तुको निर्यात गर्न र अनाआवश्यक वस्तुको आयात वन्द गर्न पहल कदमी हुनको लागि सुझाव व्यक्त गर्नु भएको थियो । नेपालको कूल निर्यातमा तयारी पोशाक तेश्रो स्थान रहेको जानकारी गराउदै यस व्यापार मेलामा नेपालको सहभागितावाट अमेरिकी वजारमा अझै यसको निर्यातमा वृद्धि हुने अपेक्षा राख्नु भयो ।

उक्त अर्न्तक्रिया कार्यक्रममा केन्द्रका नायव कार्यकारी निर्देशक श्री सुयश खनालवाट उपस्थित पत्रकार एवं व्यवसायीहरुलाई धन्यवाद दिनुका साथै पत्रकारले तयारी पोशाकको वजारीकरणका विभिन्न विषयमा राखेका जिज्ञासाको जवाफ दिनु भएको थियो । उल्लेखित व्यापार मेलामा केन्द्रवाट स्टल भाडामा सहयोग तथा नेपाल तयारी पोशाक उद्योग संघसंगको समन्वय र सहकार्यमा नेपालको सहभागिता वृहत रुपमा गर्ने गरी तयारी भएको जानकारी गराउदै कार्यक्रम सम्पन्न गरियो ।

२०७५।११।२१